
मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com




● वर्ष ३ ● अंक १३१ ● २०८१ साल चैत्र १२ गते मंगलबार ● Tuesday 25, March 2025 ● सूर्योदय: बिहान ६:०६ बजे ● सूर्यास्त: साँझ ६:१८ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## धनुषाका पत्रकारहरू 'अल्छि' भए: मन्त्री लेखी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले धनुषाका पत्रकारहरूलाई 'अल्छि' भएको आरोप लगाएका छन् ।

सोमवार जनकपुरधाममा मिडिया काउन्सिलले नेपाल पत्रकार महासंघ धनुषासँगको समन्वयमा आयोजना गरेको पत्रकार आचारसंहिता पालना सम्बन्धी गोष्ठीमा बोल्दै उनले पत्रकारहरूको कार्यशैली र पेशागत क्षमतामा सुधारको आवश्यकता औंल्याएका हुन् ।

मन्त्री लेखीले धनुषामा लगभग २ सय पत्रकार रहेपनि कार्यक्रममा सहभागी भएका ४५ जनामध्ये १३–१४ जना मात्र लेख्न र बोल्न सक्षम रहेको बताएका थिए । उनले पत्रकारिताको पुरानो स्वरूपसँग अहिलेको पत्रकारितालाई तुलना गर्दै भने, '२५–३० वर्ष अघि पत्रकारिता एक 'मिशन'को रूपमा थियो । तर, अहिले पत्रकारिता अल्छि भएको छ ।' उनले आजका पत्रकारहरूलाई लेख्न र बोल्नका लागि आवश्यक ल्याकत नरहेको टिप्पणीसमेत गरे ।

मन्त्री लेखीको भनाइले पत्रकारिता र पत्रकारहरूको पेशागत मर्यादा र क्षमता सम्वन्धी गम्भीर सवाल उठाएको छ ।

उनका अनुसार पत्रकारिता पेशामा सुधारको जिम्मेवारी सरकारको भन्दा पत्रकारकै हातमा रहेको छ । यसले सरकारलाई पत्रकारिता सुधारका लागि सहयोग गर्नका लागि प्रोत्साहित गर्ने दृष्टिकोण प्रस्तुत गर्छ । तर, प्रमुख भूमिका भने पत्रकारकै हो ।

यद्यपि, मन्त्री लेखीको यो भनाइले पत्रकारहरूका बीचमा असन्तुष्टि र आक्रोश उत्पन्न गरेको छ । नेपाल पत्रकार महासंघ धनुषाका पूर्वअध्यक्ष अनिल मिश्रले मन्त्री लेखीको भनाइको विरोध गर्दै भने, 'पत्रकारहरूको कार्यशैलीमा सुधारको आवश्यकता छ भने त्यसका लागि आलोचना र आरोपका स्थानमा संवाद र सहकार्य जरुरी छ ।'

## मतगणना सुचारू गर्न अधिकांश दल एकमत



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पसमा सम्पन्न स्ववियु चुनावको रोकिएको मतगणना सुचारु हुनु पर्नेमा पर्साका अधिकांश राजनीतिक दलहरु एकमत भएका छन् ।

सोमबार जिल्ला प्रशासन कार्यालय आयोजना गरेको सर्वदलिय बैठकमा ठाकुरराम क्याम्पसमा रोकिएको मतगणना सुचारू हुनु पर्नेमा पर्साका राजनीतिक दलहरू एकमत भएका हुन् ।

बैठकले फर्जी शैक्षिक प्रमाणपत्रको आधारमा विद्यार्थी भर्ना गर्ने गिरोहलाई कारवाही गरि मतपेटिकाको नम्बर परिवर्तनको बिषयमा सत्य तथ्य सार्वजनिक गरेर मतगणना सुचारु हुनु पर्नेमा सबै पार्टी प्रतिनिधिहरु एकमत भएको बैठकमा सहभागी राष्ट्रिय स्वतन्त्र पार्टी पर्साक सभापति हरि पन्तले बताए ।

बाकसमा खसिसकेको मतको स-सम्मान गणना हुनुपर्छ भन्ने कुरामा कसैको फरक मत नरहेको पन्तले बताए ।

बैठकमा पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले दोषी देखिएका जो कोहिलाई निर्मम कारवाही गर्न प्रशासन पछि नपर्ने बताए । उनले फर्जी प्रमाणपत्रको आधारमा विद्यार्थी भर्नाको जडसम्मै पुगेर निर्मम रूपमा कारवाही अगाडि बढाइने बताए ।

मतपेटिका सुरक्षाका बिषयमा पर्सा प्रहरी प्रमुख गौतम मिश्र र सशस्त्र प्रहरी १३ नम्बर गणका गणपती राधेश्याम धितालले प्रष्ट पार्दै कुनै पनि किसिमको त्रुटि नरहेको स्पष्ट पारेका थिए ।

बैठकमा एमाले पर्साका अध्यक्ष डा. विश्वम्भर शर्माले सबैले आ-आफ्नो भातृसंगठनहरुलाई यस बिषयमा आफूहरुले प्रष्ट पार्ने बताएका थिए ।

बैठकमा एमाले अध्यक्ष डा. विश्वम्भर शर्मा, नेपाली कांग्रेसका तर्फबाट प्रवक्ता पाण्डे एवम् नेता नवीन सिंह, राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सभापति हरि पन्त, जसपाका सिङासन साह तेलि, तबरेज अहमद, माओवादीका प्रभाकर गुप्ता, एकीकृत समाजवादीका मनोज चौधरी लगायत नेताहरूको उपस्थिति थियो ।

## बुलेट हाँकेर मुख्यमन्त्री सिंहले गरे होटल अनुगमन





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले सोमबार जनकपुरधामका नौवटा होटलमा अनुगमन गरेका छन् । आइतबार १० वटा होटल अनुगमन गरेका मुख्यमन्त्री सिँहले सोमबार बुलेट मोटरसाइकल हाँक्दै जनकपुरधामका विभिन्न होटलको खाद्य सुरक्षा तथा स्वच्छता स्थिति अनुगमन गरेका हुन् ।

प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जिल्ला प्रशासन कार्यालय धनुषा, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण कार्यालय जननकपुरधाम, साना उद्योग तथा घरेलु कार्यालय जनकपुरधामका अधिकारी र उद्योग वाणिज्य संघ जनकपुरधामका प्रतिनिधि सम्मिलित संयुक्त अनुगमन टोलीसँगै होटल अनुगमन गरेका मुख्यमन्त्री सिँहले प्रादेशिक राजधानी जनकपुरधाम देशविदेशका पर्यटकका लागि महत्त्वपूर्ण गन्तव्यस्थल रहेको र पर्यटकीय दृष्टिले छुटाउनै नहुने यस गन्तव्यमा रहेका केही होटलमा स्वस्थकर र स्वच्छ खानाखाजा उपलब्ध नहुने गुनासोपछि आफूले अनुगमन थालेको बताए ।

उनले सबै होटलले स्वच्छताको मापदण्ड पछ्याउन खोजे पनि त्यो उचित तथा पर्याप्त नभएको भन्दै बहुसँख्यक होटलमा ग्राहक बस्ने ठाउँ सफा भए पनि भान्साघरमा सरसफाइ तथा त्यहाँ उपयोग हुने सामग्रीको भण्डारण व्यवस्थित नभएको बताए ।

होटलका लागि स्वस्थ्कर सामग्री र स्वच्छता अनिवार्य शर्त भएको भन्दै मुख्यमन्त्री सिँहले मापदण्डअनुसार होटल सञ्चालन नभए कानुनअनुसार कारबाही हुने पनि प्रस्ट्याए ।

"सरकार सुधारात्मक आग्रहले अघि बढेको छ । यसको अर्थ अनुगमनक्रममा हामीले दिएको सल्लाह वा निर्देशनको पालना होटल सञ्चालकबाट हुनु हो । अटेर भएमा होटल बन्द गर्नेसम्मको कारबाही हुनेछ," मुख्यमन्त्री सिँहले अनुगमनस्थलमा पुगेका सञ्चारकर्मीहरूसँग भने ।

उनले होटलमा बिक्रीवितरण हुने सामग्रीको मूल्य व्यवस्थापन गर्न जिम्मेवार निकायसँग प्रदेश सरकारले समन्वय गर्ने समेत बताए ।

अनुगमनमा संलग्न जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले होटलमा देखिएका त्रुटि सुधार गर्न आफूहरूले व्यावसायीलाई आह्वान गर्ने बताए ।

सोमबारको अनुगमनमा ९ होटलमध्ये एकमात्र होटलको अवस्था सन्तोषजनक पाइएको साना उद्योग तथा घरेलु कार्यालय जनकपुरधामका प्रमुख सन्तोष साहले बताए ।

अनुगमनक्रममा अत्यधिक सेवाग्राहीको भिड हुने गरेको शिवचौकस्थित न्यु राधा होटल र छपरिया नास्ता पसलमा सरसफाइको अवस्था कमजोर देखिएको र त्यहाँ खाना नहुने २० लिटर तेल, प्याज, समोसा र लिटी नष्ट गरिएको छ । दुवै होटललाई अन्तिम पटकका लागि भान्साघरको सरसफाइ मापदण्डअनुसार व्यवस्थापन गर्न निर्देशन दिइएको छ ।

जनकचौकको होटल फिल इट र मिथिला यात्री निवासमा शाकाहारी र मांसाहारी सामग्री छुट्टाछुट्टै राख्न र भान्साकोठाको सरसफाइ व्यवस्थापन गर्न निर्देशन दिइनुका सार्थ त्यहाँ रहेका अखाद्य वस्तु ब्रेड, ब्रेडरोटी र मासु नष्ट गरिएको छ । ।

यसैगरी लक्ष्मी मिष्टान भण्डारमा म्याद गुज्रेका च्याउमिन ५ थान, खान नहुने बिग्रेको बर्फी २० पिस नष्ट गरिएका छन् । सो मिष्ठान भण्डारलाई भान्साघर सरसफाइ व्यवस्थापनमा गम्भीर नभए होटल नै बन्द गराउनुपर्ने अवस्थाका बारेमा जानकारी गराइएको साना उद्योग तथा घरेलु कार्यालय जनकपुरधामका प्रमुख साहले जानकारी दिए ।

## श्रीमान्को हत्यामा संलग्न रहेको आरोपमा श्रीमती पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–८ दिगम्बरपुरका २५ वर्षीय शिवशंकर महतोको हत्या प्रकरणमा प्रहरीले उनकी श्रीमती सिर्जनालाई पक्राउ गरेको छ । प्रहरीले अनुसन्धानलाई अघि बढाउँदै छानबिनका क्रममा सिर्जनाको संलग्नता पाएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका डिएसपी सन्तुलाल जयसवारले सिर्जनालाई पक्राउ गरेर अनुसन्धान अघि बढाइएको जानकारी दिए ।

शुक्रबार साँझ साढे ५ बजे महोत्तरीको गौशाला नगरपालिका–८ सागरनाथ वन क्षेत्रमा रेल्वे ट्र्याकको दक्षिणतर्फ १०० मिटरको दूरीमा शिवशंकरको शव फेला परेको थियो । शवको अवस्था र प्रकृतिलाई हेर्दा हत्या धारिलो हतियारले गर्धनमा प्रहार गरी गरिएको अनुमान गरिएको छ । अनुसन्धानका क्रममा शवलाई हत्यापछि घिसारेर अन्यत्र लैजान खोजिएको पुष्टि भएको छ ।

शवको सनाखत आइतबार भएको थियो । शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइएको छ । प्रहरीका अनुसार शिवशंकर बिहीबार दिउँसो उनकी श्रीमती सिर्जना र १० महिने छोरासहित बर्दिबास नगरपालिका–५ पशुपतिनगरस्थित ससुराली जानका लागि निस्किएका थिए । तर, ससुराली पुग्नुअघि उनी हराएका थिए ।

प्रहरीले हत्या कुनै रिसिबिका कारण भएको हुनसक्ने आशंका गरेको छ । शिवशंकर केही समयअघि मुम्बईबाट धनुषा फर्किएका थिए । घटनापछि ससुरालीमा विवाद भएको कुरा पनि सुन्नमा आएको छ । साथै, प्रहरी हत्या प्रेमसम्बन्धसँग पनि जोडिएको हुनसक्ने आशंका गर्दै अनुसन्धानका अन्य कोणहरूमा ध्यान दिइरहेको जनाएको छ । शिवशंकरका भाइ राम महतोका अनुसार उनीहरू घरबाट महेन्द्रनगरसम्म एउटै मोटरसाइकलमा पुगेका थिए । त्यहाँ सिर्जनाले माइतबाट दुईवटा मोटरसाइकल मगाएकी थिइन् । एक मोटरसाइकलमा सिर्जना र बच्चा चढेका थिए भने अर्कोमा शिवशंकर थिए । प्रहरीले अब शिवशंकरलाई मोटरसाइकलमा लैजाने व्यक्तिको पहिचान गरिसकेको जानकारी दिएको छ ।

शिवशंकरको परिवारले घटनासँग सम्बन्धित ससुरालीमा भएको विवाद र कुटपिटको घटनालाई जोड्दै अनुसन्धान गर्न माग गरेका छन् । परिवारका सदस्यहरूको भनाइमा सिर्जनाले शिवशंकरलाई ससुराली जान नचाहेका बेला हजुरबुबाको मृत्यु भएको बहाना बनाएर जान बाध्य पारेकी थिइन् ।

प्रहरीले अहिले घटनाको अनुसन्धानलाई तीव्रता दिँदै विभिन्न सम्भावनाहरूको विश्लेषण गरिरहेको छ ।

सम्पादकीय

# प्रदेशमाथि गिद्धेदृष्टि किन ?

मुलुकमा संघीयता आए देखि प्रदेश सरकारमाथि नियोजित रुपमा प्रहार भईरहेको छ । संघीयतालाई नचाउने पक्षहरु धेरै देखिएका छन । उनिहरु जहिलेपनि संघीयताको दोषमात्रै देखिने गरिएको छ । उनिहरु जसरी पनि संघीयतालाई बदनाम गराउने कार्यहरु भईरहेको छ । संघीयता मुलुकको लागि नै नयां अभ्यास भएको कारणले गर्दा विभिन्न खालको त्रुटिहरु हुने गरिएको छ । विशेष गरेर संघीयता आएपछि यसको समस्याहरु देखा परेको छ । विशेष गरेर संघीयता आएपछि मुलुकका देखै कमिमजोरीहरु समेत देखिएको छ । खास गरेर जनतामा यसको अनुभतिहरु समेत धेरै दिएको अवस्था समेत रहेको छ ।

अर्थात खास गरेर जनताको नजिकबाट संघीयता अर्थात सरकारको अभ्यास समेत गरेका छन । संघीयताका तीन आयाम हुन्छन – राजनीतिक, प्रशासनिक र वित्तीय । संघीयता लागू गर्नुको औचित्य यी तिनै पक्षसँग नागरिकलाई जोड्नु हो । तर संघीयता आएपनि सरकारले साँचो प्रदेशलाई दिनुपर्ने हो त्यो दिन सकेको छैन । अर्थात अहिलेपनि संघीयता कार्यान्वयको लागि चाहिने आवश्यक कानुनहरु समेत बनाएको देखिदैनन । त्यसले गर्दा समेत संघीयता जुन रुपमा काम गर्नुपर्ने हो त्यस अनुसारले गर्न सकेको छैन । प्रदेशले बनाएको कतिपय ऐनहरु समेत कार्यान्वयन गर्न सकेको छैन ।

जसले गर्दा समस्या देखिएको छ । अर्थात कानुनको आभावमा प्रदेशले जुन रुपमा काम गर्नुपर्ने हो त्यस अनुसारले काम गर्न सकेको छैन । अर्को तर्फ शान्ति सुरक्षाको लासग आवश्यक पर्ने कामहरु प्रहरी समायोजना समेत हुन सकेको छैन । त्यसको आभावले समस्या झने देखिएको छ । अर्थात अहिलेको संघीयता हात खुटटा बाांधेर दिएको अधिकार मात्रै हो त्यसले गर्दा समेत संघीयता कार्यान्वयनमा आउन सकेको छैन । नेपालमा संघीयता कार्यान्वयनमा आएको ६ वर्ष भयो । तर संघीयताका आधारभूत तीन आयाममध्ये राजनीतिको मात्र अभ्यास भइरहेको देखिन्छ । प्रशासनिक र वित्तीय क्षेत्रमा प्रदेशले जनतालाई लाभ हुने गरी भूमिका खेल्न सकेका छैनन् । पहिलो कुरा– प्रदेश आफैँले आफ्नो अधिकार क्षेत्र अनुसारको काम गर्न सकेका छैनन् । दोस्रो– केन्द्रको हस्तक्षेप । यसले गर्दा प्रदेश संरचना नागरिकलाई सहज बनाउने उद्देश्यले नभएर दलका नेताकार्यकर्ता व्यवस्थापनका लागि मात्रै त रहेछ भन्ने टिप्पणी राजनीतिक तहमै हुन थालेको छ । संघीयताको अभ्यास स्थानिय तहबाट हुनुपर्ने हो तर सबै कुरा केन्द्रबाट नै टुगो लगाउने गरिएको कारणले गर्दा समस्या देखिएको छ । अर्थात आर्थिक श्रोतको आभाव एका तिर छ भने अर्को तर्फ यसले गर्दा समेत समस्या देखिएको छ ।

अर्को तर्फ कर्मचारीको आभाव प्रदेशले झेल्दै आएको छ । कर्मचारी आभावको कारणले प्रदेश सरकारले बनाउने निति नियम र विकासको बजेट समेत तल्लो स्तरमा पुर्याउन सकिएको छैन । जसले गर्दा संघीयताको जुन किसिमको अभ्यास गर्नुपर्ने हो त्यस अनुसारले हुन सकेको छैन । अर्थात अहिलेको संघीयताको अभ्यासमा समस्या समाधान गर्नको लागि सरकारले गम्भीरता देखाउन सकेको छैन । संघीयता लागू भएपछि राजनीतिक दलहरूले प्रादेशिक अधिकार मिचेका घटना बग्रेल्ती छन् । यसले गर्दा समेत समस्या आएको छ । अर्थात अहिलेको संघीयताको अभ्यासलाई हात खुटटा बांधिएको अवस्था छ । यसले गर्दा समेत संघीयताको अभ्यास स्थानिय स्तरमा पुग्न सकेको छैन । राजनितिक दलहरुले संघीयताको लागि जुन रुपमा अभ्यासहरु गर्नुपर्ने हो त्यस अनुसारले गर्न सकेको छैन । यसले गर्दा समेत संघीयता समस्या देखिएको छ । त्यो समस्याको कारणले गर्दा संघीयता अभ्यास राजनितिक दलहरु गर्न सकेको छैन । अर्थात राजनितिक दलको क्रियाकलापमा समेत विकेन्द्रीकरणको आवश्यकता रहेको छ । अर्थात संघीयताको अभ्यास राजनितिक दलले गर्नुपर्ने खाचो रहेको छ । त्यसकारणले राजनितिक दलहरु गम्भीर रुपमा संघीयता अभ्यासको लागि आवश्यक पर्ने कानुनहरु बनाएर अधिकार दिनुपर्ने आवशयकता रहेको छ ।

# वातावरणीय निकायहरूबीच निष्क्रिय समन्वय

**बटु कृष्ण उप्रेती**

नेपालको ग्रामिण तथा सहरी क्षेत्रको वातावरणीय अवस्था दूरतगतिमा खस्कँदै गएको छ । वि.सं. २०१३ सालमा आवधिक योजनाको सुरु एवम् नीजि वन राष्ट्रियकरण ऐन लागू भएपछि वन विनाश लगायत भू–क्षय, बाढी र पहिरोमा तिव्रता आयो । वातावरण संरक्षणलाई ध्यानै नदिई सम्पन्न भएका पूर्वाधार तथा प्रदूषण गर्ने उद्योगको सञ्चालनबाट वातावरणीय ह्रास बढ्न थाल्यो । सहरी क्षेत्रमा सरसफाईको न्यूनताका लगायत पानी र वायुको गुणस्तर खस्कँदा स्वास्थोपचारमा लगानी बढ्दै गयो।

सन् १९७२ मा स्वीडेनको स्टकहोममा सम्पन्न मानवीय वातावरण सम्बन्धी सम्मेलनको लागि तयार भएको राष्ट्रिय प्रतिवेदनमा वातावरणीय समस्यालाई राम्ररी देखाएर तिनलाई सम्बोधन गर्न केही प्रतिवद्धता नेपालले गऱ्यो तर ती प्रतिवद्धता कार्यान्वयन भएनन् । पाचौँ योजनादेखि वन विनाश, भू–क्षय, बाढी र पहिरोलाई वातावरणीय समस्याको रुपमा स्वीकारियो।

वि.सं. २०३७ सालदेखि गरिबी र अविकसितपना, प्राकृतिक स्रोतको जथाभावी उपयोग, स्रोतको उत्पादन र खपतबीच तालमेल नहुनु तथा अदूरदर्शी पूर्वाधार विकासलाई वातावरणीय समस्याको मूल कारण मानियो। यसैबीच प्राकृतिक स्रोत संरक्षणमा स्थानीय जनताको भूमिकालाई आत्मसात गर्दै अन्नपूर्ण संरक्षण क्षेत्र पनि घोषणा भयो र संरक्षणमा नयाँ आयाम आयो।

वातावरणीय समस्याको बुझाइपछि पाँच दशकमा वातावरणीय विनाश र प्रदूषणको समस्या विकराल बन्दै गएको छ । आवधिक योजनामा वातावरण संरक्षण–उन्मुख नीति तथा कार्यक्रमको व्यवस्था भए पनि ती मूलतः ‘काम गर्न भन्दा भन्न ’ मात्र समावेश भएका जस्ता हुन पुगे। ‘उपचारभन्दा रोकथाम सस्तो’ सिद्धान्त तथा ‘प्रदूषकले तिर्नु पर्छ’ भन्ने नीति लिइएता पनि नीति र कार्यान्वयनबीचको बढ्दो खाडलमा नेपाली जनता भासिइ सकेका छन् । प्रदूषणबाट जनस्वास्थ्यमा परेको प्रतिकूल असरको मूल्य तिरिरहेका छन् वा प्रदूषणजन्य रोगका कारण स्वास्थ्योपचारमा लगानी बढेको छ।

यी विसंगतिलाई सम्बोधन गर्न नेपाल सरकारले नीतिगत व्यवस्था गऱ्यो। वि.सं. २०४७ मा प्रजातन्त्रको पुनर्बहाली अघि कार्यान्वयनमा रहेको सातौँ योजनामा (१) राष्ट्रिय स्रोत संरक्षण आयोगलाई सुदृढ गर्ने, (२) वातावरणीय पक्षलाई विकास योजना र आयोजनाको तर्जुमा गर्दा समावेश गर्न निर्देशिका बनाउने, (३) विकास कार्यक्रमबाट वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावको अध्ययन गर्ने, (४) वातावरणीय शुद्धताको गुणस्तर कायम गर्न वैज्ञानिक अनुसन्धान र विश्लेषणलाई निरन्तरता दिने, एवम् (५) वातावरणको स्थिति प्रतिवेदन तयार गर्ने जस्ता कार्यक्रम राखिए।

योजना अवधिमा तिनको कार्यान्वयन खासै भएन। तर यस पछि सबै आवधिक नीतिमा वातावरण संरक्षणको शंख फुकिएकै छ । सहरी क्षेत्रमा वायु तथा जल प्रदूषणको समस्या विकराल बन्दै गयो। ध्वनि प्रदूषणको तह उच्च भयो । वातावरणले वन, दुर्लभ वन्यजन्तु एवम् भू तथा जलाधार संरक्षणको घेरा तोड्न सकेन।

यस्तो समस्यालाई सम्बोधन गर्न तत्कालीन सरकारले वि.सं. २०३७ सालमा वातावरणीय प्रभाव अध्ययन आयोजना सञ्चालनमा ल्यायो। वि.सं. २०४५ सालतिर राष्ट्रिय योजना आयोगको सचिवालय र तत्कालीन भू तथा जलाधार संरक्षण विभागमा वातावरण महाशाखा र सडक विभागमा भू–वातावरण एकाई स्थापना भए । वि.सं. २०४९ सालतिर वन तथा भू–संरक्षण मन्त्रालयको नाम वन तथा वातावरण मन्त्रालयमा फेरियो र विभागको वातावरण महाशाखा मन्त्रालयमा सारियो । करिब डेढ वर्षपछि फेरिः वन तथा भू–संरक्षण मन्त्रालयमा नाम फेरियो।

वि.सं. २०५२ सालमा जनसङ्ख्या तथा वातावरण मन्त्रालयको स्थापना भयो र यसको एकदशक पछि यो मन्त्रालय खारेज गरी वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय बन्यो। काम उही तर नाम फेर्ने कार्यमा निरन्तरता आयो।

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, वातावरण मन्त्रालय मात्रै, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय तथा जनसङ्ख्या तथा वातावरण मन्त्रालय बन्ने क्रम रहिरह्यो। वि.सं. २०७४ सालको अन्त्यतिर अर्थात् झण्डै अढाई दशकपछि फेरि वन तथा वातावरण मन्त्रालय बन्यो। वातावरण व्यवस्थापनको लागि संस्थागत क्षमता एवम् दक्ष जनशक्ति विकासमा अवरोध रही नै रह्यो। तर अहिले पनि वातावरण भनेको वन क्षेत्र नै हो भन्ने मानसिकता व्यापक छ, यो यस्तै रही रहने सम्भावना छ। कर्मचारीमा पेशागत दक्षता बढाउँने भन्दा पनि वातावरण विषयलाई ‘लुज्ली’ बुझ्नेहरूको जमातले थिच्न थाल्यो।

वातावरण व्यवस्थापन निम्ति नीति निर्देशन तथा समन्वय गर्न सल्लाहकार निकायहरू पनि स्थापना भए, हुँदैछन् र हुनेछन् पनि। वि.सं. २०३७ सालतिर वन तथा भू–संरक्षण मन्त्रीको अध्यक्षतामा गठित प्राकृतिक स्रोत संरक्षण आयोग ५ वर्षपछि पुरै निष्कृय भयो । राष्ट्रिय संरक्षण कार्यनीतिको सुझाव बमोजिम वि.सं. २०४८ सालमा राष्ट्रिय योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा गठित प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण परिषद् पनि मिति २०४९।६।१५ मा प्रधानमन्त्रीको अध्यक्षतामा वातावरण संरक्षण परिषद् स्थापना भएपछि खारेज भयो। प्रधानमन्त्रीको नेतृत्वमा ब्राजिलको रियो द जेनेरियोमा सम्पन्न वातावरण र विकास सम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनमा भाग लिएर फर्केपछि स्थापित यो परिषद्, दैनिक कार्यको लागि सदस्य–सचिवको व्यवस्था भएकोले, करिव अढाई वर्षजति कृयाशिल रह्यो।

वि.सं. २०५२ सालमा जनसङ्ख्या तथा वातावरण मन्त्रालयको स्थापना भएपछि सो परिषद्को पदेन सदस्य–सचिव सो मन्त्रालयको सचिव रहने व्यवस्था भयो । असार १०, २०५४ मा लागू भएको वातावरण संरक्षण ऐन (२०५३) को प्रावधान बमोजिम सरकारले ४५ सदस्यीय वातावरण संरक्षण परिषद् गठन गऱ्यो । करिब २ वर्ष कृयाशील भएपछि सो परिषद् निष्कृय भयो।

कामभन्दा बढी पुनर्गठन हुने क्रम अन्तर्गत नै वि.सं. २०६५ सालको अन्त्यतिर वातावरण संरक्षणसम्बन्धी विषयमा सरकारलाई नीतिगत मार्ग–दर्शन र राय सल्लाह दिन तथा विभिन्न निकायहरूबीच समन्वय समेत गर्नका लागि वातावरण संरक्षण ऐन, २०५३ को दफा १४ बमोजिम वातावरण संरक्षण परिषद् पुनर्गठन भयो तर कृयाशील भएन। अहिले पनि खारेज भएको छैन, करिव २३ वर्षदेखि बैठक बसेको तथा नीतिगत निर्देशन तथा समन्वय गरेको देखिँदैन, सुनिँदैन।

वि.सं. २०५९ सालमा दक्षिण अफ्रिकाको जोहानेसवर्गमा हुने दिगो विकाससम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनवारे पूर्व प्रधानमन्त्रीको अध्यक्षतामा गठित दिगो विकाससम्बन्धी राष्ट्रिय आयोगको बैठक एक पटक पनि भएन । आयोगले कुनै कृयाकलाप गरेन । हालसम्म यो आयोग खारेज भएको पनि थाहा भएन।

वि.सं. २०६३ सालतिरदेखि जलवायु परिवर्तनसम्बन्धी विविध कृयाकलापहरू सुरु भए। वि.सं. २०६६ सालमा डेनमार्कको कोपनहेगनमा हुने जलवायु परिवर्तनसम्बन्धी महासन्धिको पक्ष राष्ट्रहरूको १५औं सम्मेलन भएको ४ महिना अघि प्रधानमन्त्रीको अध्यक्षता जलवायु परिवर्तन परिषद्को गठन भयो। वि.सं. २०६८ सालको अन्त्यसम्म सकृय रहेको यो परिषद् करिब एक दशकदेखि ‘मरे–वाँचेको’ अत्तो–पत्तो छैन। राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६) मा जलवायु परिवर्तनको विषयमा नीतिगत समन्वय गर्न एक परिषद् गठन गर्ने व्यवस्था रहेको छ र राष्ट्रिय वातावरण नीति (२०७६) मा राष्ट्रियस्तरमा वातावरणसम्बन्धी परिषद् गठन गरिने उल्लेख भएको छ।

वि.सं. २०७६ कार्तिक १ देखि लागू भएको वातावरण संरक्षण ऐन (२०७६) को दफा ३२ मा वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी कार्यलाई राष्ट्रियस्तरमा प्रभावकारीरुपमा सञ्चालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा १९ सदस्यीय र एक पदेन सदस्य–सचिव रहने गरी एक वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद् रहने कानुनी व्यवस्था भएको छ। यसको मनसाय विद्यमान निष्कृय रहेका वातावरण संरक्षण परिषद् र जलवायु परिवर्तन परिषद् दुवैलाई खारेज गरी नयाँ परिषद् गठन गर्ने कानुनी व्यवस्था भएको बुझिन्छ । हालसम्म यो परिषद् गठन नभएकोले सरकारले के कस्तो वनाउँछ पूर्वानुमान गर्ने कुरा भएन।

नेपालमा वातावरण संरक्षणको काम गर्न ४ दशक अघि सानो सरकारी स्रोतमा आयोजना सुरु भयो र ३ दशकदेखि वातावरण मन्त्रालयले नेतृत्व लिएको देखिन्छ । यद्यपि वातावरणीय गुणस्तर सुधारिनुको सट्टा विग्रँदै गएको छ । यसका विविध कारण हुन सक्छन् । वातावरण सन्तुलनबाट प्राप्त हुने लाभ नबुझ्नु तथा ती लाभलाई ध्यान नदिनु, वातावरणीय गुणस्तर सुधार्न जिम्मेवारीमा रहेका निकाय र कार्यरतमा काम गर्ने संस्कार अवरुद्ध हुनु, वातावरणको कार्यबाट तत्काल फायदा नदेखिने भएकोले विगतमा सानो मन्त्रालयमा नेतृत्वकर्ता स्वयंको चासो कम हुनु, कतिपय अवस्थामा विषयवस्तुमा न्यून ज्ञान हुनु, वातावरण जस्तो बहुसरोकार र बहुपक्षीय एवम् समन्वय र सहयात्रा बढी गर्नु पर्ने विषयमा सानो दलले वातावरणको जिम्मेवारी पाउनु आदि कारण हुन सक्छन्।

यसैगरी वातावरण मन्त्रालयको जिम्मेवारी पाउने सचिव पनि जगेडामा परेको अनुभव गरी ठूलो मन्त्रालयमा सकेसम्म चाँडै सरुवा हुन केही प्रयत्नरत रहँदा पेशागत क्षमताको उपयोग हुन नसकेको दोखिन्छ । यद्यपि केही राजनैतिक र प्रशासकीय नेतृत्वले भने केही उल्लेखनीय कार्य नगरेको होइन। यसरी स्थापित आयोग तथा परिषद् सुरुमै वा केही वर्षपछि ‘मृत प्रायः’ हुने रोग व्यापक हुँदै गएको छ।

वातावरण संरक्षणका लागि आवश्यक समन्वयकारी राजनीतिक र प्रशासकीय नेतृत्वको अभाव विझ्छ। मन्त्री फेरिएपछि विद्यमान नीतिको कार्यान्वयन गरी तथा समन्वय गर्ने निकायलाई कृयाशील बनाइ बाधा व्यवधान पहिचान गरी नयाँ वा सपारिएको नीति बनाउने र समन्वय गर्न निकाय पुनर्गठन गर्ने कार्य भएनन्।

प्रत्येक पटक नयाँ संरचना बनाउने तर सचिवालय र सदस्य–सचिवको पदेन व्यवस्था गर्दा यी निकाय कृयाशील भएनन्, अवधारण पत्र र एजेन्डा तयार भएनन्। अध्यक्षलाई बैठकको लागि जानकारी नै नहुँदा पनि हुनसक्छ यी परिषद् ‘निर्जिव’ हुन पुगे। नयाँ नीति र कानुन बनाउँदा थप सल्लाहकार निकाय गठन गर्ने प्रावधान राख्ने तर कृयाशील नबनाउने संस्कारले ‘अकर्मन्यता’ बढ्दै गएको छ । कृयाशीलभन्दा देखाउने सल्लाहकार निकाय बढे । आलंकारिक सोचाइभन्दा क्रियाशील हुनतिर लाग्ने बेला आएन र ?सभारः ईकागज

# सांसदसँग रासस संवाद : समृद्ध कर्णाली सुखी कर्णाली बनाउने सपना छ : सावित्री मल्ल

(रासस)

काठमाडौँ, ११ चैत : सङ्घीय संसद, राष्ट्रियसभाको सांसद भएको एक वर्ष भयो। नेपालको संविधानले राष्ट्रियसभाको व्यवस्था गरेको छ। संविधानले राष्ट्रियसभालाई स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरेको छ । संविधानले नै खासगरी सीमान्तकृत, लोपोन्मुख समुदायको राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी तथा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रियसभाको आवश्यकता औँल्याएको छ।

मुख्यगरी राष्ट्रियसभाले प्रदेशको न्यायोचित प्रतिनिधित्व व्यस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलता र प्रभावकारिताको सन्तुलनसमेतलाई सम्बोधन गर्छ । एक वर्षको अवधिभरि संविधानअनुरुप कानुन बनाउने काममा केन्द्रित भएँ । त्योसँगै जनताका सवाललाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउने काम भयो। संविधानअनुसार सबै कानुन बन्न सकेका छैनन् । यद्यपि, राष्ट्रियसभामा टेबुल भएका कुनै पनि विधेयकलाई रोक्ने काम भएको छैन । राष्ट्रियसभामा आएका विधेयकलाई हामीले गहिरोगरी अध्ययन गरेर र छलफल गरेर मात्र पारित गर्ने गरेका छौँ । ऐन÷कानुन वा नियमलाई सकेसम्म समावेशी कुरामा राष्ट्रियसभाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

म राष्ट्रियसभाअन्तर्गतको ‘विकास, आर्थिक मामिला तथा सुशासन’ समितिको सदस्यका रुपमा पनि काम गर्दै आएकी छु । यो समितिले नेपालको अर्थव्यवस्था, सार्वजनिक वित्त, पूर्वबजेट छलफल, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन, सूचना प्रविधि तथा नवप्रवर्तनसम्बन्धी विषयमा काम गर्दै आएको छ। समितिले विकास आयोजना, आयोजना, दिगो विकास, समन्यायिक एवं सन्तुलित विकास, लगानी र जनसङ्ख्या व्यवस्थापनको पनि काम गर्दै आएको छ।

समितिमा विस्तृत रूपमा छलफल हुन्छ। स्थानीय, प्रदेश र सङ्घीय सरकारबीच एकरुपता र समन्वय नभएका कारण संविधानको पूर्ण कार्यान्वयन हुनसकेको छैन । नेपालको संविधानको धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ । मौलिक हकअन्तर्गतका कतिपय कानुन बन्न बाँकी छ।

संविधानलाई आवश्यकताका आधारमा संशोधन गरेर समय सान्दर्भिक बनाउनुपर्छ । जस्तो संविधानको धारा ७० को ‘राष्ट्रपति र उपराष्ट्रपति फरकफरक लिङ्ग वा समुदायको हुने’ भनिएको छ । यसलाई संशोधन गरेर राष्ट्रपति र उपराष्ट्रपति एक जना अनिवार्य महिला हुनुपर्ने व्यवस्था गर्नुपर्छ। यद्यपि हाम्रो पार्टीले संविधान संशोधन गर्नुपर्ने विषयका बारेमा नेता तथा सांसद प्रकाश ज्वालाको नेतृत्वमा कार्यदल गठन गरेको छ। कुनकुन विषयमा संशोधन गर्नुपर्ने भन्ने विषय पार्टीले छिट्टै टुङ्गो लगाउने छ।

महिलाका सवालमा संविधान पूर्ण रूपमा कार्यान्वयन भएको छैन। संविधानको धारा ३८ को ‘महिलाको हक’मा ‘राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ’ भनिए पनि त्यसको पूर्ण रूपमा कार्यान्वयन हुनसकेको छैन । त्यसैगरी, प्रतिनिधिसभाको सवालमा धारा ८४ उपदफा ८ मा व्यवस्था गरिएको ‘सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ महिला हुनुपर्ने’ व्यवस्था कार्यान्वयन भएको छ । यी विषय मन्त्रिपरिषद् गठनको सवालमा हुनुपर्छ। संविधानको धारा ९१ र ९२ पनि संशोधन गरेर महिलामैत्री बनाउन जरुरी छ । महिला, दलित, मधेसी, आदिवासी, जनजातिलगायत उत्पीडित समुदायको सवालमा भएका संवैधानिक अधिकारको कार्यान्वयनसँगै थप अधिकारका निम्ति एकजुट भएर सङ्घर्ष गर्नुपर्ने बेला पनि आएको छ।

सङ्घीयतालाई अझै सुदृढ बनाउन सदाचार नीति बनाएर कार्यान्वयन गर्नुपर्छ। राजसंस्था अन्त्यका लागि नेपाली जनताले ठूलो बलिदान गरेका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र यत्तिकै आएको होइन । राजसंस्थावादीहरूले भन्दैमा अहिलेको व्यवस्था फेरिँदैन । विसं २०६२÷६३ को जनआन्दोलनले राजतन्त्रको अन्त्य गर्दै देशमा गणतन्त्र आएको हो। यो शासन जनता आफैँले ल्याएको शासन हो। यो शासन व्यवस्था भनेको सामान्य जनताको छोरा राष्ट्रप्रमुख हुने व्यवस्था हो । यही सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझै परिमार्जन र बलियो बनाएर लैजानुपर्ने छ।

देशमा रोजगारी सृजनाका लागि सरकारले योजना बनाएर अगाडि बढ्नुपर्छ । यत्तिकै हचुवाका भरमा सरकार अगाडि बढ्नु हुँदैन । जनताका लागि आवश्यकताका आधारमा काम गर्नुपर्छ । अहिले जनताले रोजगारी खोजिरहेका छन् । उनीहरूलाई रोजगारीको व्यवस्था गर्न बन्द भएका उद्योग सञ्चालन गर्नुपर्छ । बन्द हुने अवस्थामा पुगेका कलकारखानालाई सरकारले जोगाउन सक्नुपर्छ । सङ्घीय सरकारले पछाडि परेको कर्णाली प्रदेशलाई प्राथमिकता दिनुपर्छ । कर्णाली प्रदेशबाट प्रतिनिधित्व गर्ने सबै सांसदले त्यो प्रदेशको विकासका लागि पहल गर्नुपर्छ। समृद्ध कर्णाली, सुखी कर्णाली बनाउने सपना छ।

**राष्ट्रियसभा सदस्य सावित्री मल्लको परिचय**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) की केन्द्रीय सदस्य सावित्री मल्ल विगत एक वर्षदेखि कर्णाली (महिला) तर्फबाट सङ्घीय संसद्, राष्ट्रियसभाको सांसद हुनुहुन्छ। मल्लले नेकपा (एमाले) की नेतृ विमला शाहीलाई पराजित गर्नुभएको हो । उहाँले २०४२ सालदेखि महिला आन्दोलनबाट राजनीतिक यात्रा सुरु गर्नुभएको हो।

(सांसद मल्लसँग राससका समाचारदाता सुशील दर्नालले गर्नुभएको कुराकानीको सम्पादित अंश)

# धनुषामा क्षयरोगको संक्रमण दरमा वृद्धि

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लामा क्षयरोगको अवस्था भयावह हुँदै गएको छ । सोमबार विश्व क्षयरोग दिवसको अवसरमा जनकपुरधाममा आयोजित एक कार्यक्रममा जनस्वास्थ्य कार्यालय धनुषाका प्रमुख उमेश यादवले कोरोना महामारीपछि क्षयरोगको संक्रमण दर तीव्र रूपमा बढेको जानकारी दिएका हुन् । उनका अनुसार विगत ६ महिनामा मात्र धनुषा जिल्लामा ७३४ जना नयाँ क्षयरोगी पहिचान भएका छन् । यादवले भने, 'मधेश प्रदेशभरि पर्सा जिल्लापछि सबैभन्दा धेरै संक्रमित धनुषामा छन् । अहिलेको अवस्थामा क्षयरोग महामारीजस्तो फैलिएको छ ।'

यादवले क्षयरोग नियन्त्रणमा ध्यान नदिइएको र महामारीको रुप लिँदै गएको विषयमा तीन तहका सरकारको असहयोगको कुरा उठाए । उनका अनुसार कोरोना महामारीपछि क्षयरोग नियन्त्रणमा समन्वयको कमी, औषधिको अभाव र बिरामीहरूको औषधि पूरा नगर्ने प्रवृत्तिका कारण नियन्त्रणमा चुनौती थपिएको छ ।

प्रमुख यादवले थपे, 'क्षयरोग नियन्त्रणका लागि धनुषामा जनकपुरधाम उपमहानगरपालिका, लक्ष्मीनिया गाउँपालिका, बटेश्वर गाउँपालिका, मिथिला नगरपालिका र शहीदनगर नगरपालिकामा विशेष कार्यक्रम सञ्चालनमा छन् । अन्य पालिकामा पनि नियमित खकार जाँच र डट्स प्रविधि मार्फत क्षयरोगको उपचार जारी छ ।' विश्व क्षयरोग दिवसको अवसरमा जनकपुरधामस्थित जनस्वास्थ्य कार्यालयले प्रभातफेरीको आयोजना गरेको थियो । कार्यक्रममा विद्यार्थी, स्वास्थ्यकर्मी र विभिन्न सरकारी निकायका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

जनस्वास्थ्य कार्यालयका प्रमुख यादवले धनुषामा क्षयरोगको संक्रमण दर नियन्त्रण गर्न सबै पक्षको सहकार्य आवश्यक रहेको बताए । विशेषतः बिरामीहरूलाई औषधि पूरा नलिने प्रवृत्तिमा सुधार ल्याउनु अत्यन्त महत्वपूर्ण रहेको उनको भनाइ थियो ।

यसैबीच, स्वास्थ्य विभागका अधिकारीहरूले पनि क्षयरोग नियन्त्रणका लागि जागरुकता अभियान चलाइरहेका छन् । क्षयरोगको लक्षणहरू पहिचान गर्नु र समयमै उपचार गराउनु यस अभियानको प्रमुख उद्देश्य रहेको बताइएको छ ।

क्षयरोगको संक्रमण दर बढिरहेको अवस्थामा यस विषयमा बढी ध्यान दिन र नागरिकहरूको सहयोग प्राप्त गर्न स्वास्थ्य विशेषज्ञहरूको माग छ ।

# जनकपुरधामका एस.डी. कन्स्ट्रक्सनसहित चार निर्माण कम्पनी कालोसूचीमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सार्वजनिक खरिद अनुगमन कार्यालयले जनकपुरधामका एस.डी. कन्स्ट्रक्सनसहित चार निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने निर्णय गरेको छ । कालोसूचीमा राखिएका अन्य कम्पनीहरूमा काठमाडौंका अरनिको निर्माण, भोजपुरका मनकामना सप्लायर्स र काठमाडौंका आर.एस.ए. कन्स्ट्रक्सन छन् । एस.डी. कन्स्ट्रक्सनलाई एक वर्षको कालोसूचीमा राख्ने सिफारिस जिल्ला समन्वय समिति बाराबाट गरिएको हो । त्यस्तै, मनकामना सप्लायर्सलाई भोजपुरको पौवादुङ्गा गाउँपालिकाले एक वर्षको कालोसूचीमा राख्ने सिफारिस गरेको थियो । अरनिको निर्माणलाई तीन वर्षका लागि कालोसूचीमा राखिएको छ । यसको सिफारिस संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय अन्तर्गतको सालझुण्डी–सन्धिखर्क–ढोरपाटन सडक योजनाले गरेको हो । आर.एस.ए. कन्स्ट्रक्सनलाई डेढ वर्षको कालोसूचीमा राख्न पञ्चकन्या गाउँपालिकाले सिफारिस गरेको छ । एस.डी. कन्स्ट्रक्सनका मुख्य व्यक्ति निरज कुमार मिश्र र मनकामना सप्लायर्सका मुख्य व्यक्ति गोमा श्रेष्ठ छन् । यसैगरी अरनिको निर्माणका ओम प्रकाश श्रेष्ठ र आर.एस.ए. कन्स्ट्रक्सनका रामशरण अधिकारी पनि कम्पनीका प्रमुख व्यक्ति हुन् । कालोसूचीमा राखिएका कम्पनीहरूले काममा सन्तोषजनक प्रगति नगरेको र उनीहरूले जिम्मेवारी निभाउन नसकेका कारण सार्वजनिक खरिद अनुगमन कार्यालयले यी कम्पनीहरूलाई कालोसूचीमा राख्ने निर्णय गरेको हो । कालोसूचीमा राखिएका कम्पनीहरूले आगामी वर्षहरूमा कुनै पनि सार्वजनिक निकायका खरिद प्रक्रियामा भाग लिन पाउने छैनन् । सार्वजनिक खरिद अनुगमन कार्यालयका अधिकारीहरूले कालोसूचीमा राखिएको व्यवस्था निर्माण कम्पनीहरूको कार्यशैली सुधार गर्न र सार्वजनिक खरिद प्रक्रिया अझ बढी पारदर्शी बनाउन महत्त्वपूर्ण रहेको बताए ।

# नेकपा एमालेले राजतन्त्रको विरोधमा मोटरसाइकल र्‍याली निकाल्ने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेले आगामी चैत १८ गते जनकपुरधाममा गणतन्त्रको रक्षाका लागि राजतन्त्रको विरोधमा मोटरसाइकल र्‍याली निकाल्ने निर्णय गरेको छ ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर–१३ स्थित नेकपा एमालेका वडा कमिटी अध्यक्ष अजिज राइनको अध्यक्षतामा भएको बैठकमा यस र्‍यालीको आयोजनाको बारेमा निर्णय भएको हो ।

नेकपा एमालेका केन्द्रीय परिषद् सल्लाहकार समितिका सदस्य संतोष यादव प्रमुख अतिथि रहेको बैठकमा धनुषा क्षेत्र नं. ४(क) का प्रदेश इन्चार्ज राम उदित राम, वडा कमिटी उपाध्यक्ष उपेन्द्र पाण्डे, पूर्ववडाअध्यक्ष शुभ नारायण मण्डल र वडाअध्यक्ष पदका प्रत्यासी राम सेवक साह लगायत पार्टीका विभिन्न नेता र कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । बैठकमा सहभागि नेता तथा कार्यकर्ताहरूले गणतन्त्रको संरक्षणका लागि राजतन्त्रको विरोध गर्ने उद्देश्यले मोटरसाइकल ¥यालीको आयोजना गर्नुपर्ने निर्णय गरेका थिए । ¥यालीमा जनकपुरधामका सबै वडा कमिटीहरूले सहभागिता जनाउने र पार्टीका कार्यकर्ताहरूले यसको आयोजनामा सक्रिय भइ जनतालाई सचेत गराउने योजना बनाइएको छ ।

नेकपा एमालेका नेता संतोष यादवले भने, 'गणतन्त्रको रक्षा र जनताको अधिकारका लागि पार्टी सधैं संघर्षरत रहनेछ । आगामी ¥यालीमा धेरै जनसहभागिता देख्न पाउनेछौं ।'

राजतन्त्रको विरोध मात्र नभएर जनकपुरधाम र सम्पूर्ण मधेश क्षेत्रमा एमाले पार्टीको जनसम्पर्कलाई मजबुत बनाउने र आगामी निर्वाचनका लागि पार्टीलाई बलियो बनाउन मोटरसाइकल र्‍यालीको उद्देश्य रहेको उनले बताए ।

# वीरगञ्ज नाकाबाट एक खर्ब २२ अर्बको पेट्रोलियम पदार्थ आयात

**मधेशदृष्टि**
**वीरगञ्ज ।**
चालु आर्थिक वर्षको आठ महिनामा वीरगञ्ज नाका भएर रु एक खर्ब २२ अर्ब २० करोड बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयात भएको हो ।

गत आवको आठ महिनाका तुलनामा चालु आवको सोही अवधिमा रु एक अर्ब ६७ करोड बढीको पेट्रोलियम पदार्थ आयात भएको हो । गत आवको आठ महिनामा रु एक खर्ब २० अर्ब ५३ करोडको पेट्रोलियम पदार्थ आयात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवमा पेट्रोलियम पदार्थको आयात र राजस्व बढेको बताए ।

"अहिले पूर्वाधार निर्माणको समय भएकाले पनि पेट्रोलियम पदार्थको आयात बढेको देखिन्छ", उनले भने । कार्यालयका अनुसार, चालु आवको आठ महिनामा सबै खालका पेट्रोलियम पदार्थको आयातबाट रु ५० अर्ब १३ करोड राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु ४४ अर्ब ८० करोड राजस्व सङ्कलन भएको थियो । चालु आवको आठ महिनामा रु ६१ अर्ब ४५ करोड बराबरको छ लाख ८५ नौ सय ९१ किलोलिटर डिजेल आयातबाट रु २७ अर्ब ३१ करोड राजस्व सङ्कलन भएको प्रमुख भन्सार प्रशासक लामिछानेले बताए । यस्तै, चालु आवको आठ महिनामा रु २५ अर्ब ३० करोड मूल्यको दुई लाख ९० हजार तीन सय ८२ किलोलिटर पेट्रोल आयात हुँदा रु १६ अर्ब ४८ करोड राजस्व सङ्कलन भएको छ ।

चालु आवको आठ महिनामा रु २४ अर्ब पाँच करोड मूल्य बराबरको २१ करोड ४२ हजार सात सय ८१ किलोग्राम एलपिजी ग्यास आयात भएको छ । यसबाट रु चार अर्ब ५० करोड राजस्व सङ्कलन भएको छ । गत आवको आठ महिनामा भने रु १९ अर्ब ५२ करोडको १८ करोड ६८ लाख १२ हजार एक सय २० किलोग्राम एलपिजी ग्यास आयात भएको थियो । रासस

# निर्देशकमा शाक्य नियुक्त कुलमान बर्खास्त

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा हितेन्द्रदेव शाक्य नियुक्त भएका छन् । सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले शाक्यलाई कार्यकारी निर्देशकको जिम्मेवारी दिने निर्णय गरेको छ ।

मन्त्रिपरिषद् बैठकले यसअघि कार्यकारी निर्देशकका रूपमा रहेका कुलमान घिसिङलाई पदबाट बर्खास्त गर्ने निर्णय पनि गरेको छ । ऊर्जा मन्त्रालयका एक मन्त्रीका अनुसार कुलमानलाई बर्खास्त गर्नका लागि मन्त्रिपरिषद् स्तरमा छलफल गरिएको थियो ।

कुलमान घिसिङलाई हटाउने निर्णय पछाडि केही विवादित कारणहरू पनि रहेका थिए । विभागीय मन्त्रीले पाँचपटकसम्म स्पष्टीकरण माग्दा पनि कुलमानले सन्तोषजनक जवाफ दिन नसकेको भन्दै अन्ततः मन्त्रिपरिषद्बाट उनलाई बर्खास्त गर्ने निर्णय गरिएको हो ।

ऊर्जा मन्त्रालयद्वारा गठित कार्यसम्पादन मूल्यांकन समितिका संयोजक सहसचिव जिवछ मण्डलले माघ १८ गतेको पुरानो मिति राखेर कुलमानलाई शून्य अंक दिने निर्णय गरेका थिए । त्यसलाई आधार मानेर उनको कार्यसम्पादन कमजोर देखाइएको थियो । कुलमान घिसिङले भने आफूले ९८ अंक पाउनुपर्ने दाबी गर्दै मन्त्रालयमा फाराम बुझाएका थिए ।

# नेपाल कराँते महासंघको दोस्रो वार्षिक साधारण सभा सम्पन्न




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल कराँते महासंघको दोस्रो वार्षिक साधारण सभा सम्पन्न भएको छ ।

महासंघका अध्यक्ष युवराज लामा, विभिन्न कराँते संघका प्रतिनिधिहरू, सदस्यहरू, पर्यवेक्षकहरू र विशिष्ट अतिथिहरूको उपस्थितिमा कराँते खेलको भविष्य र त्यसको प्रवर्धनका विषयमा महत्वपूर्ण छलफल गरिएको थियो । कार्यक्रमको उद्घाटन प्रमुख अतिथि माला लामा र अन्य अतिथिहरूको उपस्थितिमा गरिएको थियो । अतिथिहरूले कराँते खेललाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउनको लागि आवश्यक कदमहरूको बारेमा गहन विचार व्यक्त गरे ।

सभामा पारित भएका निर्णयहरू मध्ये एक महत्वपूर्ण निर्णय भनेको महासंघको विधानमा गरिएको संशोधन हो । यसमा प्रशासनिक तथा व्यवस्थापन कार्यविधि, राष्ट्रिय टिम तयारी कार्यविधि र राष्ट्रिय कराँते एकेडेमीको कार्यविधि अनुमोदित गरिएको छ । महासंघले नेपालको कराँते खेललाई व्यवस्थित र सशक्त बनाउने उद्देश्य राखेको बताइएको छ ।

त्यस्तै, कराँते खेलाडी एरिका गुरुङलाई 'हिमालयन वारियर' उपाधि प्रदान गरिएको हो । गुरुङको उत्कृष्ट खेल प्रदर्शन र समर्पणलाई कदर गर्दै यो उपाधि प्रदान गरिएको हो ।

कार्यक्रममा नेपाल कराँते महासंघका अध्यक्ष युवराज लामाले महासंघको भविष्यका लागि प्रमुख कदमहरूको बारेमा जानकारी दिए । उनले सबै सहभागिहरूलाई धन्यवाद व्यक्त गर्दै महासंघलाई अझ प्रभावकारी र प्रतिस्पर्धी बनाउनका लागि निरन्तर सहयोग र समर्पणको आवश्यकता रहेको बताए ।

# प्रेस चौतारीको अध्यक्षमा गणेश पाण्डे



**मधेशदृष्टि**
**विराटनगर ।**
प्रेस चौतारीको अध्यक्षमा अन्ततः गणेश पाण्डे चयन भएका छन् । निबर्तमान अध्यक्ष गणेश बस्नेतले पाण्डेलाइ सर्बसम्मत रूपमा पाण्डेलाइ चयन गरेको घोषणा गरेका हुन् ।

उनका अनुसार केन्द्रीय कमिटीको उपाध्यक्ष चेतन अधिकारी र कृपा भण्डारी तथा महासचिव हिरामान लामा नै दोहोरिएका छन भने पमहासचिवमा हरिबल्लभ नेपाल तथा सचिवहरुमा क्रमशः बिष्णु तारुके, प्रदिप आचार्य, विक्रम लुईटेल र नरेश भण्डारी चयन भएका छन् ।

महाधिवेशनबाट केन्द्रीय समिति सर्वसम्मत घोषणा गरिएको निबर्तमान अध्यक्ष बस्नेतले जानकारी दिए । उनले केन्द्रिय समितिका अन्य सदस्य पनि सर्बसम्मत भएको भन्दै नामावली घोषणा गरेका छन् । निर्वाचनबाट नेतृत्व चयन हुनुपर्ने राजेश राईको माग पूरा नभएपछि उनले दाबेदारी फिर्ता लिएसँगै पाण्डेको नाम महाधिवेशन हलमा सर्वसम्मत घोषणा गरिएको हो ।

निवर्तमान अध्यक्ष गणेश बस्नेतले अध्यक्षमा गणेश पाण्डे, उपाध्यक्ष चेतन अधिकारी, कृपा भण्डारी र महासचिव हिरामान लामाको नाम घोषणा गरे ।

त्यस्तै उपमहासचिवमा हरिबल्लभ नेपाल तथा सचिवहरु बिष्णु तारुके, प्रदिप आचार्य, विक्रम लुईटेल र नरेश भण्डारी चयन भएका छन् ।

# मयुरभञ्ज छउको नृत्यले दर्शकलाई मोहित बनाए

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम**
भारतीय राजदूतावास र भारतीय महावाणिज्य दूतावास वीरगञ्जको सहकार्यमा आइतबार राति जनकपुरधामको महेन्द्रनारायण निधि सांस्कृतिक केन्द्रको सभागृहमा कुशेश्वर ठाकुरको नेतृत्वमा कलाकारहरुले मयुरभञ्ज छउ नृत्य प्रस्तुत गरेका थिए । उड़ीसाको मयुरभञ्ज जिल्लाको छउ नृत्य मा जंगलका हिंसक जनावर, बाघ, सिंहले गाउँमा आक्रमण गर्छ भने राजाले जंगली जनावरलाई मार्न भनेका छैनन आदेश दियो। यसका साथै गाउँको रक्षा, खेतीपाती, माछा मार्ने को साथै बनदेवीको पुजा लगायतका कलाकारहरुले नृत्य प्रस्तुत गरेका थिए । कलाकारहरुले प्रस्तुत गरेको नृत्यलाई दर्शकहरुले निकै मन पराएका थिए र उनीहरुले ताली बजाएर स्वागत गरेका थिए । कार्यक्रम नेपाल र भारतको राष्ट्रिय गानबाट सुरु भएको थियो । भारतीय वाणिज्य महादूत देवी सहाय मीनाले मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह,




मधे प्रदेशका प्रदेश सभापति रामचन्द्र मण्डल र शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मालाई गुलदस्ता र शाल औढाए सम्मान गरेका थिए । उक्त अवसर मा मुख्यमंत्री को भनाई थियो नेपाल भारत राजनीतिक रूपमा दुई राष्ट्र भए पनि भौगोलिक र सांस्कृतिक रूपमा एउटै राष्ट्र हो । नेपालमा पर्यटक बढाउन पहल गर्नुपर्छ । भारतको कुल जनसङ्ख्याको एक प्रतिशत पर्यटक नेपाल आए र आधा पर्यटक जनकपुरधाम आए भने जनकपुरधामको व्यापार बढ्छ । यसका लागि उनीहरुको मन जित्नुपर्छ र पर्यटकलाई सुविधा दिनुपर्छ । जानकी मन्दिरका कारण पर्यटक आउने गरेका छन् । कार्यक्रम मा पूर्व गभर्नर हरिशङ्कर मिश्र, पूर्व मन्त्रीहरु सुरिता साह, चन्दन सिंह, विधायक किरण साह, अनिता साह, रामाशिष यादव, जनकपुरधामका मेयर मनोजकुमार साह, पूर्व मेयर बजरंग साह, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, मधेशवादी नेता रमन पाण्डेले ,मीट कैम्पस का संचालक मनोज कुमार साह, जनकपुरधाम उद्योग वाणिज्य संघ का पूर्व अध्यक्ष जीतेन्द्र महासेठ, पूर्व वरीय उपाध्यक्ष मनीष रमण साह सहित अन्य गणमान्य व्यक्ति उपस्थित थियो। कार्यक्रम का संचालन भारतीय बाणिज्य उप महादूत तरुण कुमार ले गरे। इण्डियन काउन्सिल ऑफ नयी दिल्ली को आयोजना मा छऊ नृत्य भयो।



# जनमत र नागरिक बिच पार्टी एकिकरण अन्तिम चरणमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी बीच पार्टी एकिकरणका निमित्त गठन गरिएको कार्यदलको पहिलो बैठक सकारात्मक रुपमा छलफललाई अगाडि बढाएको छ । दुबै दलको कार्यदलको बैठकले पार्टी एकिकरणका मोडालिटी बारेमा छलफल गरेको हो । जनमत तर्फबाट कार्यदलका सदस्य एवं पार्टीका प्रवक्ता डा. शरद सिंह यादवले कार्यदलको पहिलो बैठक भएको कारणले परिचयात्मक र पार्टी एकिकरणको मोडालिटी बारेमा छलफल भएको जानकारी दिए ।

उनले दुबै दल पार्टी एकिकरण प्रति साकारात्मक रहेको र अन्य प्राविधिक कुराहरु अर्को बैठकमा मिलाएर लैजाने सहमति भएको जानकारी दिए ।

उनले जतिसक्दो पार्टी एकिकरणलाई मूर्त रुप दिएर आपसी विश्वास र कहिल्यै नछुट्नेगरी पार्टी एकताको तयारी भइरहेको बताए ।

दुबै पार्टीबीच एकिकरण हुँदा पार्टीको संरक्षकमा रेशमलाल चौधरी, पार्टी अध्यक्षमा डा. सीके राउत र सहअध्यक्षमा रञ्जिता चौधरीलाई राख्ने मोटामोटी सहमति भएको छ ।

त्यसैगरी दुबै पार्टीका केन्द्रीय कमिटी र पदाधिकारीहरु प्रदेश र जिल्ला तहसम्म



सम्मानजनक रुपमा सहभागितासहित समितिहरु निर्माण गरिने सहमति भएको हो । पार्टीको नाम जनमत पार्टी र चुनाव चिन्ह नागरिक पार्टीको चुनाव चिन्ह ढकिया राख्ने केन्द्रीय नेतृत्वबीचमै सहमति भएको छ ।

पार्टी एकिकरण विषयमा केन्द्रीय नेतृत्वबीचमै सहमति भइसकेको र कार्यदलले अन्य प्राविधिक विषयहरुलाई मिलाउने काम गरिरहेको डा. यादवले बताए ।

कार्यदलमा जनमतबाट अब्दुल खान, डा. सरद सिंह यादव र बालगोविन्द चौधरी रहेका छन् भने नागरिक उन्मुक्ति पार्टीबाट गंगाराम चौधरी, सुनिता चौधरी, रामलाल डगोरा थारु छन् ।

हाल जनमतका ६ सांसद छन्। त्यस्तै, नाउपाका चार सांसद छन्। अहिले मधेशकेन्द्रित जसपाका सात, जसपा, नेपालका पाँच र लोकतान्त्रिक समाजवादी पार्टीका चार सांसद छन्।

दुवै पार्टी स्थापना भएको पनि धेरै समय भएको छैन। नाउपा तीन वर्षअघि र जनमत ६ वर्षअघि स्थापना भएका थिए।

टीकापुर प्रकरणमा रेशम चौधरी जेलमा रहेका वेला रञ्जिता श्रेष्ठको नेतृत्वमा तीन वर्षअघि नाउपा गठन भएको थियो। उनकै नेतृत्वमा नाउपाले चुनाव लडेको थियो। २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा नाउपाका तीन र नाउपाको समर्थनमा एक स्वतन्त्र उम्मेदवार निर्वाचित भएका थिए। अहिले नाउपासँग चार सांसद छन्। ‘थ्रेशहोल्ड’ कटाउन नसक्दा नाउपाले समानुपातिकमा पाएको मत खेर गएको थियो।

गणतन्त्र दिवसको अवसरमा राष्ट्रपतिबाट कैद मिनाहा भएपछि चौधरी २०८० जेठ १५ मा जेलमुक्त भएका थिए। त्यसपछि उनले पार्टीको नेतृत्वमा आउन खोजेका थिए। टीकापुरमा सम्पन्न महाधिवेशनबाट २०८० पुस २७ मा चौधरी निर्विरोध अध्यक्ष चुनिएका थिए।

यस कदमबाट श्रेष्ठ सन्तुष्ट भइनन् भने उनी पक्षका नेता निर्वाचन आयोग पुगेका थिए। निर्वाचन आयोगले अध्यक्षमा चौधरीलाई मान्यता दिएन र श्रेष्ठ नै अध्यक्ष बनिन्। त्यसपछि दुवै जनाबीच नेतृत्वको विषयमा विवाद हुँदै आएको छ। दुवै श्रीमान्–श्रीमती हुन्।

मधेशमा पृथक्तावादी आन्दोलन चलाएर चर्चामा आएका सीके राउत सरकारसँग भएको वार्तापछि खुला राजनीतिमा आएका हुन्। उनले ६ वर्षअघि आफ्नै नेतृत्वमा पार्टी खोलेका थिए।

२०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा प्रत्यक्षबाट एक सीट जितेको थियो। जनमत अध्यक्ष राउत सप्तरी–२ बाट निर्वाचित भएका थिए। समानुपातिकमा ‘थ्रेशहोल्ड’ कटाएकाले पाँच सीट थपिएका थिए। अहिले जनमतका ६ सांसद छन्। यता जनमत पार्टीले राष्ट्रिय परिषद समिति बैठक बोलाएको छ।

प्रवक्ता शरद सिंह यादवले दिएको जानकारीअनुसार चैत १५ गते बस्ने गरी राष्ट्रिय परिषद बैठक आह्वान भएको हो ।

बैठक मध्यबानेश्वरस्थित सनराइज क्याफेमा बस्नेछ । राष्ट्रिय परिषदका सबै सदस्यहरूलाई जनमतले बैठकमा बोलाएको हो ।बैठक शुक्रबार बिहान ९ बजेदेखि सुरू हुनेछ । जनमत र नागरिक उन्मुक्ति पार्टी एकीकरणको तयारीमा छन् ।

# पाठ्यपुस्तक नामावली पेश गर्न ७ दिने म्याद


**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संस्थागत विद्यालयहरूलाई पाठ्यपुस्तक र स्टेशनरीको बिक्रीमा अनियमितता गर्न नदिने उद्देश्यले धनुषा जिल्लामा पाठ्यपुस्तक नामावली पेश गर्न ७ दिनको म्याद थप गरिएको छ ।

नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ धनुषाबाट प्राप्त गुनासोको आधारमा शिक्षा शाखाले विद्यालयलाई निर्देशिका बमोजिम अनिवार्य रुपमा पाठ्यपुस्तकहरूको नामावली पेश गर्न आग्रह गरेको हो ।

शिक्षा तथा खेलकुद विकास शाखाका प्रमुख धीरेन्द्र लाल कर्णले सोमबार जारी गरेको सूचना अनुसार विद्यालयहरूले पाठ्यपुस्तक र स्टेशनरी विद्यार्थीलाई विद्यालयबाटै खरिद गर्न बाध्य नपार्ने प्रावधान उल्लंघन गरेको पाइएको हो ।

उनले भने, ‘यसअघि मापदण्ड अनुसार विद्यालयले पाठ्यपुस्तक र स्टेशनरी विद्यार्थीलाई विक्री गर्न नपाउने व्यवस्था गरिएको थियो । विद्यालयहरूले भने आफूखुसी विद्यार्थी र अभिभावकलाई यी सामग्रीहरू खरिद गर्न बाध्य पारिरहेको भन्दै गुनासो आएको हो ।’

समस्या समाधानका लागि



जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश, नेपाल
(शिक्षा तथा खेलकुद विकास शाखा)

पत्र संख्या :- २०८१/८२
चलानी नं. :- ४९६७

मिति:- २०८१/१२/११

श्री संस्थागत विद्यालय सबै,
जनकपुरधाम उप.महा.न.पा. ।

विषय:- परिपत्र ।

प्रस्तुत विषयमा संस्थागत विद्यालय मापदण्ड तथा संचालन निर्देशिका २०६९ (संशोधन सहित) मा व्यवस्था भए अनुसार विद्यालयहरु आफैले पाठ्यपुस्तक तथा स्टेशनरी बिक्री गर्न नपाउने, विद्यालयबाट निर्धारित ड्रेस कोडको नमुना विद्यार्थीहरुलाई उपलब्ध गराउनुपर्ने र विद्यालयले तोकेको स्थानमा पोशाक खरिद गर्न विद्यालयहरुलाई बाध्य नगराउने भन्ने व्यवस्था रहेको व्यहोरा सबैलाई अवगतै छ । यति हुँदाहुँदै पनि कतिपय विद्यालयहरुले विद्यार्थी तथा अभिभावकहरुलाई विद्यालयबाट नै पाठ्यपुस्तक स्टेशनरी तथा पोशाक खरिद गर्न बाध्य पार्ने गरेको भन्ने नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ धनुषाबाट पालिकामा गुनासो आएको हुँदा सम्बन्धित सबै विद्यालयहरुले अनिवार्य रुपमा राष्ट्रिय पाठ्यक्रम परिषद/पाठ्यपुस्तक विकास केन्द्र द्वारा प्राप्त स्वीकृत तथा सूचीकृत पाठ्यपुस्तकहरु शै.स.२०८२ मा विद्यालयमा लागु हुने पाठ्यपुस्तकहरुको नामावली ७(सात) दिन भित्र पेश गर्न हुन निर्देशिका बमोजिम गर्न गराउनु हुन अनुरोध गरिन्छ र यदि नियम उल्लंघन भए गरेको पाइएमा कानुन बमोजिम आवश्यक कारबाही गरिने र सो को जवाफदेही सम्बन्धित संस्थापक तथा प्रिन्सिपल नै हुनुपर्ने व्यहोरा जानकारीको लागि अनुरोध गरिएकोमा हाल सम्म पनि विद्यालयहरुबाट पाठ्यपुस्तकको नामावली पेश नभएकोले सबै संस्थागत विद्यालयहरुमा पाठ्यक्रम विकास केन्द्र द्वारा स्वीकृत पाठ्यपुस्तकहरुमा एकरुपता कायम गर्न यस पालिका अन्तर्गत रहेको संस्थागत विद्यालय युनियन सँग सम्बद्ध संस्थाहरु प्याबसन, एन प्याबसन, मधेश प्याबसन र नेपाल प्याबसन जनकपुरधामले आवश्यक पहल गरी पाठ्यपुस्तकहरुको नामावली पेश गर्न पुनः ७(सात) दिनको म्याद थप गरिएकोले उक्त अवधि भित्र पाठ्यपुस्तकहरुको नामावली पेश गर्न हुन अनुरोध छ ।

(धीरेन्द्र लाल कर्ण)
शाखा प्रमुख
शिक्षा तथा खेलकुद विकास शाखा
अधिकृत आठौं तह

बोधार्थ:
श्री प्याबसन जनकपुरधाम ।
श्री एन प्याबसन जनकपुरधाम।
श्री मधेश प्याबसन जनकपुरधाम।
श्री नेपाल प्याबसन जनकपुरधाम ।

"धार्मिक, सांस्कृतिक, पर्यटकीय समृद्ध नगर जनकपुरधाम"
Website: janakpurmun.gov.np
Email: janakpursmc@gmail.com

कर्णले विद्यालयहरूको व्यवस्थापनलाई पाठ्यपुस्तक विकास केन्द्रद्वारा स्वीकृत पाठ्यपुस्तकहरूको नामावली पेश गर्न सात दिनको म्याद थपेर पत्र जारी गरेका छन् ।

उनले थपे, ‘यदि विद्यालयहरूले मापदण्ड उल्लंघन गर्दै नामावली पेश गरेन भने कानूनी कारवाही प्रक्रिया सुरु हुनेछ । यसका लागि जवाफदेही विद्यालयका संस्थापक र प्रिन्सिपललाई बनाइनेछ ।’ सम्भावित समस्यामा युनियनहरूको भूमिका पनि महत्वपूर्ण रहेको जनाउँदै कर्णले प्यावसन, एनप्यावसन, मधेश प्यावसन र नेपाल प्यावसन जनकपुरधामलाई समन्वय गर्ने अपिल गरेका छन् । यस मापदण्डको पालना नगर्ने विद्यालयलाई कानूनी कारवाही गर्ने चेतावनी दिइएको छ ।

पाठ्यपुस्तक र स्टेशनरीको आपूर्तिमा पारदर्शिता ल्याउने उद्देश्यले गरिएको यस पहलले विद्यार्थी र अभिभावकलाई अनावश्यक आर्थिक भारबाट बचाउने कर्णको भनाइ छ ।

# ‘राजनीतिक अस्थिरता र पत्रकारिता स्वतन्त्रतामा चुनौती’

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा हाल सत्तारूढ र विपक्षी दलहरू बीच तीव्र राजनीतिक ध्रुवीकरण देखिएको छ । एकातिर, विपक्षी दलहरूले प्रदेश सरकारमाथि भ्रष्टाचार र अनियमितताको आरोप लगाइरहेका छन् भने अर्कातिर, सरकारका उच्च पदस्थ व्यक्तिहरूले पत्रकारहरूलाई लाञ्छना लगाएर स्वतन्त्र पत्रकारितालाई धम्क्याउने प्रयास गरिरहेका छन् ।

विपक्षी दलहरूले मुख्यमन्त्री सतिशकुमार सिंह नेतृत्वको सरकारमाथि गम्भीर आरोप लगाएका छन् । जसपा नेपाल, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका नेताहरूले भ्रष्टाचार र अनियमितताको गम्भीर आरोप लगाउँदै प्रदेश सरकारको संसदीय छानबिनको माग गरेका छन् । माओवादी संसदीय दलका नेता भरतप्रसाद साहले मुख्यमन्त्री सिंहलाई कुटनीतिक मर्यादा उल्लंघन गर्ने र भौतिक पूर्वाधार मन्त्रालयमा पैसाको लेनदेनको आधारमा योजनाहरू बिक्री गरेको आरोप लगाए । यसैगरी, जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवले योजनाहरू मन्त्रीहरूकै कार्यालयबाट बाँडफाँड हुने गरेको आरोप लगाए । यादवले ५ करोडसम्मका योजनाहरूको वितरणमा छानबिनको माग गर्दै भने, ‘योजनाहरू मन्त्रीहरूकै कार्यालयबाट सिधा सचिवालयमा जाने गरेको छ ।’

विपक्षी दलहरूको आरोपले प्रदेश सभाअवरुद्धसम्मको रूप लिएको छ । दलहरूले मुख्यमन्त्री सिंहमाथि लगाएका आरोपहरूको सत्यता बाहिर नआएसम्म सदन सञ्चालन हुन नदिने




अडान लिएका छन् ।

यता, विपक्षी दलहरूले सरकारमाथि भ्रष्टाचार र अनियमितताको आरोप लगाइरहँदा प्रदेश सरकारका मन्त्रीहरू भने पत्रकारहरूमाथि लाञ्छना लगाउँदै आफूलाई चोख्याउने प्रयास गरिरहेका छन् । भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादव, मुख्यमन्त्री सतिशकुमार सिंह र गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले पत्रकारहरूलाई ‘अल्छि’ भएको र लेखन तथा बोल्ने क्षमतामा कमी भएको आरोप लगाए ।

सोमवार आयोजित पत्रकार आचारसंहिता सम्बन्धी गोष्ठीमा मन्त्री लेखीले पत्रकारहरूको कार्यशैली र क्षमतामाथि गम्भीर टिप्पणी गरे । उनका अनुसार, ‘अहिलेका पत्रकारहरू अल्छि भएका छन् । उनीहरूको लेख्ने र बोल्ने क्षमता घटेको छ ।’

यसअघि मधेशका मुख्यमन्त्री सिंह र भौतिक पुर्वाधार विकास मन्त्री यादवले पनि पत्रकारहरूको कार्यशैलीमाथि गम्भीर प्रश्न उठाइसकेका छन् ।

यससम्बन्धमा नेपाल पत्रकार महासंघ धनुषाका पूर्वअध्यक्ष अनिल मिश्रले मन्त्री लेखीको आरोपको विरोध गर्दै भने, ‘पत्रकारहरूको कार्यशैलीमा सुधार चाहिन्छ भने त्यसका लागि संवाद र सहकार्यका माध्यमबाट समाधान खोज्नु पर्छ, न कि आरोप र आलोचनाबाट ।’

पत्रकार महासंघका सल्लाहकार अवधेश झाले भने, ‘प्रेस स्वतन्त्रताको आक्रमण गरेर सरकार भ्रष्टाचारको वास्तविकता लुकाउन चाहन्छ। यो लोकतन्त्रको अपमान हो ।’ मधेश प्रदेशका राजनीतिमा गम्भीर विवाद र अस्थिरता देखा परेको छ । विपक्षी दलहरूले सरकारको भ्रष्टाचार र अनियमितताबारे छानबिनको माग राखेको छ भने सरकारका मन्त्रीहरूले पत्रकारमाथि आरोप लगाइरहेका छन् । यसले न केवल प्रदेश सरकारको कार्यशैलीमा शंका पैदा गरेको छ । प्रेस स्वतन्त्रता र पत्रकारिताको भूमिकामाथि पनि गम्भीर प्रश्न उठाएको छ ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन